भारतले पानी छोडेपछि पाकिस्तानमा ठूलो बाढीको जोखिम, हजारौं विस्थापित

■ एजेन्सी

इस्लामाबाद, भदौ १०

छिमेकी भारतले 'ओभरफ्लो' भइरहेको बाँधबाट अतिरिक्त पानी छोडेपछि पाकिस्तानको पूर्वी क्षेत्रमा ठूलो बाढीको जोखिम उत्पन्न भएको छ । यससँगै अधिकारीहरूले दर्शौं हजार बासिन्दालाई सुरक्षित स्थानतर्फ सारिरहेका छन् ।

नयाँदिल्लीले इस्लामाबादलाई सम्भावित सीमापार बाढीबारे अघिल्लो दिन नै सचेत गराएको थियो । यो सूचना हालका महिनामा दुई आणविक-सशस्त्र प्रतिद्वन्द्वीबीच भएको पहिलो सार्वजनिक कूटनीतिक सम्पर्क पनि हो ।

पाकिस्तानको राष्ट्रीय विपत् व्यवस्थापन प्राधिकरण (एनडीएमए)ले सतलज नदीमा बढ्दो जलस्तरबारे चेतावनी जारी गर्दै पञ्जाब प्रान्तका विभिन्न जिल्लाबाट जनतालाई स्थानान्तरण गरिएको जनाएको छ ।

उद्धारकर्ताहरूले मात्र कसुर जिल्लाबाट १४ हजारभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा पुऱ्याएको छन् भने भारतीय सीमा नजिकको बहावलनगर सहरबाट ८९ हजारभन्दा बढी बासिन्दालाई सुरक्षित क्षेत्रमा सारिएको छ ।

एनडीएमएले नागरिकलाई नदी, खोल्सा र तल्लो क्षेत्रहरूबाट टाढा रहन, अनावश्यक यात्रा नगर्न र मिडिया, मोबाइल सन्देश तथा आफ्नो विपत् चेतावनी एपमार्फत प्रसारित सूचनाहरूलाई ध्यानपूर्वक पालना गर्न आग्रह गरेको छ ।

भारी मनसुनी वर्षा जारी रहँदा पाकिस्तानले हालै तीव्र बाढीको चेतावनी र निकासी अभियान चलाएको हो । उत्तरपश्चिमी बुनेर जिल्लामा यसै महिना आएको आकस्मिक बाढीमा तीन सयभन्दा बढी मानिसको ज्यान गएको थियो ।

स्थानीय बासिन्दाले पूर्वचेतावनी नपाएको गुनासो गरेका थिए, तर अधिकारीहरूले आकस्मिक आरीघोप्टो पानी पर्नुका कारण बाढी अनुमान गर्न नसकिएको बताएका छन् । धेरै पीडितहरू प्राकृतिक खोल्सामा बसोबास गर्नेहरू थिए ।

जुन २६ यता पाकिस्तानमा मनसुनी वर्षाबाट निम्तिएको बाढीले आठ सयभन्दा बढीको ज्यान लिएको छ । विवादित काश्मीर क्षेत्रमा मात्रै दर्जनौंको मृत्यु भएको छ र भारत प्रशासित भागमा हजारौं विस्थापित भएका छन् ।

यस पटकको बाढी चेतावनी सन् १९६०मा विश्व बैंकको मध्यस्थतामा भएको सिन्धु जल सन्धिअन्तर्गतको स्थायी संयन्त्र (सिन्धु जल आयोग)बाट नभई प्रत्यक्ष कूटनीतिक माध्यममार्फत पठाइएको हो ।

भारतले अप्रिलमा काश्मीरमा २६ जना पर्यटक मारिएपछि उक्त आयोग स्थगित गरेको थियो । पाकिस्तानले भने यो सन्धि एकतर्फी खारेज गर्न नसकिने स्पष्ट पारेको छ ।

सिन्धु जल सन्धि विगतमा सन् १९६५ र सन् १९७१का युद्ध र सन् १९९१को ठूलो सीमा झडपसम्म पनि कायम रहन सफल भएको थियो । तर पर्यटक हत्यापछि भारतले सन्धि निलम्बन मात्र नगरी, कूटनीतिक सम्बन्ध पनि कटौती गरेको थियो । जसको परिणामस्वरूप मे महिनामा दुवै पक्षबीच मिसाइल आक्रमणसमेत भएको थियो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको मध्यस्थतामा युद्धविराम भएपछि मात्र आक्रमण रोकिन पुगेको थियो । त्यसयता सम्बन्ध सामान्यीकरणका प्रयास देखिएको छैन । हालै पाकिस्तानले बारम्बार आरीघोप्टे वर्षाले ल्याउने बाढी र सामान्यभन्दा बढी वर्षा भोगिरहेको छ । देशमा मनसुनी मौसम जुलाईदेखि सेप्टेम्बरसम्म चल्छ ।

विज्ञ र मौसमविद्हरूले यस क्षेत्रमा बढ्दो वर्षालाई जलवायु परिवर्तनको असर ठहर गरेका छन् । यस वर्षको वर्षाले सन् २०२२को विनाशकारी बाढी दोहोरिने डर पैदा गरेको छ । सन् २०२२को विनाशकारी बाढीले देशको एक तिहाइ भूभाग डुबाएको थियो र एक हजार सात सय ३९ जनाको मृत्यु भएको थियो । रासस/एपी

Find us on : facebook/ aarthikdainik

छ लाख चिनियाँ विद्यार्थीलाई अमेरिकाले प्रवेश दिने

वासिङटन, भदौ १० । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मंगलबार अमेरिकाले चीनबाट छ लाख विद्यार्थीलाई प्रवेश दिने घोषणा गरेका छन् । एएनआईका अनुसार चीनसँगको भन्सार शुल्क वार्ताका क्रममा ट्रम्पले चिनियाँ विद्यार्थीहरूको उपस्थितिलाई महत्वपूर्ण भनेका थिए ।

उनको भनाइ थियो, 'हामी उनीहरूका विद्यार्थीलाई अनुमति दिनेछैनौं भन्ने म धेरै अफवाह सुन्छु । तर होइन, हामी उनीहरूलाई मित्र आउन दिनेछौं । यो धेरै महत्वपूर्ण छ-छ लाख विद्यार्थी । यो ठूलो कुरा हो ।' चीनसँग राम्रो सम्बन्ध कायम हुनेमा आफू विश्वस्त रहेको उनले बताए ।

'राष्ट्रपति सी मलाई चीन आउन चाहनुहुन्छ । यो निकै महत्वपूर्ण सम्बन्ध हो । हामी चीनबाट भन्सार शुल्क र अन्य कारणले धेरै पैसा संकलन गरिरहेका छौं । तर हामी चीनसँग राम्रो गर्नेछौं, ट्रम्पले भने ।

उनका अनुसार, अहिलेको चीनसँगको आर्थिक सम्बन्ध अघिल्लो बाइडेन प्रशासनको तुलनामा धेरै बलियो छ ।

यस वर्षको सुरूमा अमेरिकी प्रशासनले सबै चिनियाँ सामानमा एक सय ४५ प्रतिशत कर लगाएको थियो । यसको जवाफी कदमस्वरूप बेइजिङले अमेरिकी निर्यातमा एक सय २५ प्रतिशत कर लगाएको थियो ।

जेनेभामा मे महिनामा वार्ताकारहरूले अतिरिक्त करहरू रोकिने सहमति गरेका थिए, तर ट्रम्पले अझै थप दण्डको चेतावनी दिन छाडेका थिए । गत हप्ता मात्रै उनले चिनियाँ निर्मित म्यान्चेटमा दुई सय प्रतिशत कर लगाउने घोषणा गरेका थिए । म्यान्चेटलाई उनले विश्व बजारमा बेइजिङको 'एकाधिकार'को रूपमा चित्रण गरेका थिए ।

'यसमा कुनै समस्या आउँछ भन्ने मलाई लाग्दैन', ट्रम्पले भने, 'चीनले बुद्धिमानीपूर्वक विश्वको म्यान्टेट बजारमा एकाधिकार बनाएको छ । तिनीहरूलाई पाउन सम्भवतः हामीलाई एक वर्ष लाग्न सक्छ ।' फक्स न्युजका अनुसार हाल करिब दुई लाख ७० हजार चिनियाँ विद्यार्थी अमेरिकी विश्वविद्यालयहरूमा अध्ययनरत छन् ।

सय बढी बोइङ विमान किन्दै कोरियन एयर

सोल, भदौ १० । कोरियन एयरले एक सयभन्दा बढी बोइङ विमान खरिद गर्ने, अतिरिक्त स्पेयर इन्जिन किन्नेदेखि लिएर २० वर्षका लागि इन्जिन मर्मत-सम्भार सेवा प्राप्त गर्ने गरी ५० अर्ब डलरको विशाल सम्झौता घोषणा गरेको छ ।

एपीका अनुसार दक्षिण कोरियाका राष्ट्रपति ली जे म्युङ र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबीच सोमबार वासिङ्टनमा भएको भेटपछिको औपचारिक कार्यक्रममा उक्त सम्झौता सम्पन्न गरिएको हो ।

सम्झौताअनुसार १०३ नेक्स्ट-जेनेरेसन बोइङ विमानका लागि ३६ अर्ब २० करोड डलर, जीई एरोस्पेस र सीएफएम इन्टरनेसनलका १९ स्पेयर इन्जिनका लागि ६९ करोड डलर र जीई एरोस्पेससँग २० वर्षे इन्जिन मर्मत सेवा सम्झौताका लागि १३ अर्ब डलर विनियोजन गरिएको छ ।

कोरियन एयरले विज्ञप्तिमा भनेको छ, 'यो सम्झौता अमेरिकी उड्डयन उद्योगसँग हाम्रो साझेदारीलाई अझ बलियो बनाउन गरिएको रणनीतिक निर्णय हो । अमेरिकी बजारमा गरिएको यो लगानीले एयरलाइनको परिचालन क्षमता र विश्वव्यापी प्रतिस्पर्धा बढाउनेछ, साथै दीर्घकालीन व्यावसायिक सम्बन्धलाई सुदृढ गर्दै दिगो विकासलाई प्रोत्साहित गर्नेछ ।'

खरिद अर्डरमा २० बोइङ ७७७-९, २५ बोइङ ७८७-१०, ५० बोइङ ७३७-१० र आठ बोइङ ७७७-एएफ मालवाहक विमान समावेश छन् । यी सबै विमान सन् २०३०को अन्त्यसम्म चरणबद्ध रूपमा डेलिभरी हुने तय गरिएको छ ।

हस्ताक्षर समारोहमा कोरियन एयर र इन्जिन समूहका अध्यक्ष तथा सिइओ वाल्टर चो, बोइङ कमर्सियल एयरप्लेनकी अध्यक्ष तथा सिइओ स्टेफनी पोप र जीई एरोस्पेसका कमर्सियल इन्जिन तथा सेवा विभागका अध्यक्ष तथा सीईओ रसेल स्टोक्स सहभागी थिए ।

Find us on : facebook/ aarthikdainik

Bagamati Province Government
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate
Infrastructure Development Office
Charikot, Dolakha

Invitations for bids

IBF NO:-IDODLK/IFB-03/2082/83

Date Of Invitation Of Bid:-Aug 27, 2025(2082/05/11)

1. Infrastructure Development office (IDO), Dolakha invites electronic bids from eligible bidders for the Upgrading/Construction of Road contracts mentioned below.

S.N.	Contract Id	Project name	Estimated Amount in NRs(Exclusive of VAT)	Bid Security in NRS.
1	IDODLK/W/NCB/ 41/082/083	Dudhpokhari Gyai Jorsallah Juge Sadak Nirman, Shailung Ga. Pa.-1, Dolakha	43,00,215.87	121,500.0
2	IDODLK/W/NCB/ 42/082/083	(1) Pauwa Melung Sadak, Melung Ga Pa-7, Dolakha (2) Pauwa Tinpiple Gaunpalika Sadak Dhalan, Melung Ga. Pa.-7, Dolakha	64,50,323.80	182,000.0
3	IDODLK/W/NCB/ 43/082/083	Saawik Nigasi Pra. Wi. Danda Dekhi Arelu Khola Sahar Tole Wimire Sadak Staronnati, Melung	21,50,107.93	61,000.0
4	IDODLK/W/NCB/ 44/082/083	Melung Bazar Tribhuvan Maa. Wi Sadak Dhalan, Melung Ga. Pa.-6, Dolakha	43,00,215.87	121,500.0
5	IDODLK/W/NCB/ 45/082/083	Salledanda Nigasi Deurali Milti Sadak Staronnati, Melung Ga. Pa.-6, Dolakha	17,18,360.68	48,500.0
6	IDODLK/W/NCB/ 46/082/083	Aspatal Paadudanda Sadak Dhalan, Baiteshwor Ga. Pa.-5, Dolakha	43,00,215.87	121,500.0
7	IDODLK/W/NCB/ 47/082/083	(1) Badambaari Rahele Jimmal Tole Sadak Dhalan Baiteshwor Ga. Pa.-5, Dolakha(2) Khaharekhola Bhedikhor Sugure Sadak Staronnati, Baiteshwor Ga. Pa.-5, Dolakha	38,68,468.62	109,000.0
8	IDODLK/W/NCB/ 48/082/083	Gumbesi Tettiskoti Paryatan Tatha Krishi Sadak Dhalan, Kalinchok Ga. Pa.-5, Dolakha	21,50,107.93	61,000.0
9	IDODLK/W/NCB/ 49/082/083	Narmi Raatmate Danda Thalaari Wada Kaaryalaya Jane Sadak Staronnati Kalinchok Ga. Pa.-4	43,00,215.87	121,500.0
10	IDODLK/W/NCB/ 50/082/083	Jhamarsi Paataagaun Bishmure Sadak Staronnati, Kalinchok Ga. Pa.-4, Dolakha	43,00,215.87	121,500.0
11	IDODLK/W/NCB/ 51/082/083	Anathalaya Sirupaae Charighyang Sadak Staronnati, Bhimeshwar Na. Pa.-3, Dolakha	21,50,107.93	61,000.0
12	IDODLK/W/NCB/ 52/082/083	Saharpa Krishi Sadak Yojana, Bhimeshwar Na. Pa.-3, Dolakha	17,18,360.68	48,500.0
13	IDODLK/W/NCB/ 53/082/083	Baansjhang Rijalgaun Bypass Sadak Staronnati, Bhimeshwar Na. Pa.-3, Dolakha	17,18,360.68	48,500.0
14	IDODLK/W/NCB/ 54/082/083	Bigu Thingsaang Sadak, Bigu Ga. Pa. Dolakha	77,40,388.56	218,500.0
15	IDODLK/W/NCB/ 55/082/083	Ambatole Sisikuna Gaglate Sadak, Bigu Ga. Pa.-7, Dolakha	17,18,360.68	48,500.0
16	IDODLK/W/NCB/ 56/082/083	Deurali, Batase, Jhakrekhola, Lamidanda, Dumsijhyang Jormane Sadak, Tamakoshi Ga. Pa.-7	77,40,388.56	218,500.0
17	IDODLK/W/NCB/ 57/082/083	Arkhole Dobate, Bhulbhule Sadak Khanda Staronnati, Tamakoshi Ga. Pa.-4, Dolakha	43,00,215.87	121,500.0
18	IDODLK/W/NCB/ 58/082/083	Kalika Tallo Hawa Kholakharka hudai Ramechhap Jillako Gokulganga Ga. Pa. -4 Betaliko, Tamakoshi Ga. Pa. -7	43,00,215.87	121,500.0
19	IDODLK/W/NCB/ 59/082/083	Tharkhani Keshekharka Sadak Staronnati, Jiri Na. Pa.-1, Dolakha	77,40,388.56	218,500.0
20	IDODLK/W/NCB/ 60/082/083	Pumpa Dhunge Naamgor Sadak Staronnati, Jiri Na. Pa.-1, Dolakha	21,50,107.93	61,000.0
21	IDODLK/W/NCB/ 61/082/083	1) Shivalaya Shyama Sadak Staronnati, Jiri Na. Pa.-2, Dolakha 2) Wada Kaaryalaya Shyama Gaun Rajam Sadak Staronnati, Jiri 2, Dolakha	55,90,280.63	158,000.0

2. Cost of each Bidding Document is NRs. 3,000.00
3. Pre-bid meeting shall be held on 15th September, 2025 at 11:00 AM in Infrastruecture Development Office, Dolakha
4. Last Date of Bid Submission is 26th September,2025 at 12:00 and bid Opening Shall takeplace in Infrastruecture Development Office ,Dolakha on 26th September,2025 at 1:00 PM
5. Detail Information related to respective invitation for bids can obtain from PPMO's e-GP system website: http://www.bolpatra.gov.np

Office Chief

धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, बनेपा शाखाको १५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८२/०५/११ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिर्दा बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिर्दा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरतांक्ता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८१ साल आश्विन महिना १० गतेको "नयाँ पत्रिका" राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८२ साल वैशाख महिना ५८ गतेको "कान्तिपुर" राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **२१ दिने सूचना** प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा इच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा कुनै शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नमएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँच भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदाछौ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगाघै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

क्र.सं.	ऋणीको नाम र ठेगाना :
१.	**ऋणी** नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौमा दर्ता नं. १७५३९३/०७४/०७५, कायम भई मिति २०७४/०६/०१ मा दर्ता भएको काभ्रेपलाञ्चोक जिल्ला, धुलिखेल न.पा. वडा नं. ०७, स्थित **बि.जे. इन्जिनियरिङ्ग वर्कसप प्रा.लि.** ।
	व्यक्तिगत जमानतकर्ताहरूको विवरण :
१.	विष्णु प्रसाद खनालको नाति, मोहन प्रसाद खनालको छोरा, काभ्रे जिल्ला, काशिखण्ड न.पा. वडा नं. ८ बस्ने **बसन्त राज खनाल** ।
२.	खेल बहादुर रायमाझीको नाति, मनोज रायमाझीको छोरा, काभ्रेपलान्चोक जिल्ला, खनालथोक गा.वि.स. वडा नं. ४ बस्ने **दिपक रायमाझी** ।
३.	अब्दुल मियां अंसारीको नाति, इसमाइल मियां अंसारीको छोरा, पर्सा जिल्ला, उदयपुरघुर्मी गा.वि.स. वडा नं. ०७ बस्ने **वोजीर मियां अंसारी** ।
४.	अर्जुन प्रसाद उप्रेतीको छोरी, बसन्त राज खनालको श्रीमती, काभ्रे जिल्ला, सिपाली बिलाउने गा.वि.स./उ.म.न.पा. वडा नं. ९ बस्ने **सिता उप्रेती** ।
५.	खड्ग बहादुर काकीको छोरी, दिपक रायमाझीको श्रीमती, ओखलढुंगा जिल्ला, फुलबारी गा.वि.स. वडा नं. २ बस्ने **ज्योति कार्की** ।
६.	नहमुल मिया अन्सारीको छोरी, वोजीर मियां अंसारीको श्रीमती, पर्सा जिल्ला, उदयपुरघुर्मी गा.वि.स. वडा नं. ०७ बस्ने **अर्बुनेसा खातुन** ।
२.	**ऋणी** विष्णु प्रसाद खनालको नाति, मोहन प्रसाद खनालको छोरा, काभ्रे जिल्ला, काशिखण्ड न.पा. वडा नं. ८ बस्ने **बसन्त राज खनाल-१**, खेल बहादुर रायमाझीको नाति, मनोज रायमाझीको छोरा, काभ्रेपलान्चोक जिल्ला, खनालथोक गा.वि.स. वडा नं. ४ बस्ने **दिपक रायमाझी-१** तथा अब्दुल मियां अंसारीको नाति, इसमाइल मियां अंसारीको छोरा, पर्सा जिल्ला, उदयपुरघुर्मी गा.वि.स. वडा नं. ०७ बस्ने **वोजीर मियां अंसारी-१ समेत जमा ३** ।
	व्यक्तिगत जमानतकर्ताहरूको विवरण :
१.	अर्जुन प्रसाद उप्रेतीको छोरी, बसन्त राज खनालको श्रीमती, काभ्रे जिल्ला, सिपाली बिलाउने गा.वि.स./उ.म.न.पा. वडा नं. ९ बस्ने **सिता उप्रेती** ।
२.	खड्ग बहादुर काकीको छोरी, दिपक रायमाझीको श्रीमती, ओखलढुंगा जिल्ला, फुलबारी गा.वि.स. वडा नं. २ बस्ने **ज्योति कार्की** ।
३.	नहमुल मिया अन्सारीको छोरी, वोजीर मियां अंसारीको श्रीमती, पर्सा जिल्ला, उदयपुरघुर्मी गा.वि.स. वडा नं. ०७ बस्ने **अर्बुनेसा खातुन** ।
	धितो सुरक्षणको विवरणः
१.	**बसन्त राज खनाल/दिपक रायमाझी/वोजिर मिया अन्सारी**को संयुक्त नाममा मालपोत कार्यालय काभ्रेपलाञ्चोकमा दर्ता श्रेस्ता कायम रहेको काभ्रेपलान्चोक जिल्ला, खनालथोक गा.वि.स./न.पा. वडा नं. ६ स्थित नक्सा सिट नं. ६ को कित्ता नं. २७४२ को ३३५७९ (बि.मी.) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा बन्देजहरू :

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा कुनै पनि शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
४. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. उल्लेखित चल/अचल सम्पतीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा शाखा कार्यालय बनेपामा सम्पर्क गर्न सकिने छ ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ती आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
७. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्तालै नै व्यहोर्नु पर्नेछ ।
८. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
९. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
१०. इच्छुक व्यक्ति/कम्पनी/संस्थाहरूले **२०८२ साल भाद्र महिना २५ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
११. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्न लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :

मिति : २०८२ साल भाद्र महिना २९ गते ।
स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।
समय : दिनको ३:०० बजे ।

सानिमा बैंक www.sanimabank.com

अलकापुरी, नक्साल, काठमाण्डौ, नेपाल फोनः ५१७७-१-५९७००३३, फ्याक्सः ५९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com